जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९ स.जि.हु.का.द.नं. ५/०६४/०६५

राजविराज दैनिक

वर्ष ३६ अंक ९४ २०८३ साल कात्तिक २३ गते सोमबार (9 Nov 2026 Monday) मूल्य रु. ५/-

बाल अधिकारको संरक्षण

बचावटको अधिकार :
पोषिलो खाना र स्वास्थ्योपचार पाउनु ।
विकासको अधिकार :
शिक्षा, खेलकुद र मनोरञ्जनको अवसर ।
संरक्षणको अधिकार :
हिंसा, दुर्व्यवहार र शोषणबाट सुरक्षा ।
सहभागिताको अधिकार :
आफ्नो हितका निर्णयमा बोल्न पाउनु ।

Log in : *rajbirajdainik.com.np*

यस अंक भित्र : २ पृष्ठमा : श्रमिकको पारिश्रमिक तथा... ३ पृष्ठमा : सैनिक कल्याणकारी कोषः ... ३ पृष्ठमा होर्मुजमा दुई तेल ट्याङ्करमा...

सामुहिक प्रयासले फेरियो पोखरीको मुहार, छठ मनाउने तयारी







“पोखरीको मुहार फेरिएसँगै यस वर्ष स्थानीयवासीले यही पोखरीमा छठ पर्व मनाउने तयारीसमेत गरेका छन् ।”

दैनिक समाचारदाता
राजविराज, २२ कात्तिक ।

सप्तरीको तिलाठी कोइलाडी गाउँपालिका-६ मधेपुरास्थित मियाँटोल पोखरी कुनै समय जलकुम्भी र फोहोरको थुप्रोले भरिएको थियो । गाउँघरमा निस्कने फोहोरदेखि भोजभतेरमा प्रयोग गरिएका पात, प्लास्टिक तथा सिसाका बोतलसम्म त्यही पोखरीमा फालिन्थ्यो । पोखरीको अवस्था यस्तो थियो कि त्यसको उपयोग गर्नु त परै जाओस्, नजिक जानसमेत कठिन थियो ।

तर, अहिले त्यही पोखरीले आफ्नो स्वरुप फेरेको छ । सामुदायिक प्रयास र स्थानीयको सक्रियतामा पोखरीको जिर्णोद्धार तथा सरसफाइ गरिएपछि अहिले यो सफा र आकर्षक बनेको हो ।

माँ विषहारा सामुदायिक विपद् व्यवस्थापन समिति (सीडीएमसी) का अध्यक्ष ३० वर्षीय रुपेश कुमार सिंहका अनुसार पोखरीको अवस्था सुधारिएपछि स्थानीयको दैनिकीसमेत बदलिएको छ ।

“पहिले पोखरी जलकुम्भीले भरिएको थियो । गाउँका मानिसले घरायसी फोहोरदेखि भोजभतेरमा प्रयोग भएका पात र सिसाका बोतलसमेत त्यही फाल्थे । अहिले पोखरी पूर्ण रुपमा सफा भएको छ । स्थानीयले नुहाउने र भाँडाकुँडा धुने कामसमेत गर्न थालेका छन्” सिंहले भने ।

पोखरीको पुनःस्थापनाले वातावरणीय स्वच्छतासँगै स्थानीयलाई पानीको सहज उपलब्धतामा समेत सहयोग पुगेको छ ।

पोखरीमा पानी भण्डारण हुन थालेपछि भूमिगत जलस्रोतमा सकारात्मक प्रभाव पर्ने र गर्मीयाममा ट्युबेल सुक्ने समस्यासमेत कम हुने स्थानीयको विश्वास छ ।

पोखरी वरपर गरिएको वृक्षरोपणले वातावरणलाई थप हरियाली र सुन्दर बनाएको हो ।

पोखरीको मुहार फेरिएसँगै यस वर्ष स्थानीयवासीले यही पोखरीमा छठ पर्व मनाउने तयारीसमेत गरेका छन् । कुनै समय फोहोर फाल्ने ठाउँका रुपमा परिचित पोखरी अहिले धार्मिक, सामाजिक तथा वातावरणीय गतिविधिको साझा नमुना बनेको छ ।

रास्वपाका सभापति लामिछानेको कामना : सामाजिक र राष्ट्रिय एकता बलियो होस्

काठमाडौँ, २२ कात्तिक (रासस) ।

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति रवि लामिछानेले सामाजिक र राष्ट्रिय एकता बलियो बनाउन तिहार, छठलगायत महत्वपूर्ण पर्वमार्फत टेवा पुगोस् भनी कामना गर्नुभएको छ ।

दीपावली, नेपाल संवत् र छठ पर्वको उपलक्ष्यमा सामाजिक सञ्जालबाट आइतबार शुभकामना दिनुहुँदै सभापति लामिछानेले परिवार, समाज र समुदायबीचको आपसी प्रेम, सद्भाव र एकतालाई थप सुदृढ बनाउन यी पर्व महत्वपूर्ण हुने विश्वास व्यक्त गर्नुभएको हो । उहाँले विविधताबीचको हाम्रो राष्ट्रिय एकतालाई अझ बलियो बनाउन सकोस् भनी कामना पनि गर्नुभएको छ ।

“उज्यालो, उमङ्ग र उत्साहको पर्व तिहार तथा आस्था, श्रद्धा र समर्पणको पर्व छठले हामी सबैको जीवनमा सुख, शान्ति, समृद्धि र नयाँ आशाको सञ्चार गरोस् ।”, सभापति लामिछानेको सन्देशमा उल्लेख छ ।

यसै सन्दर्भमा, रास्वपा सभापति लामिछानेले राष्ट्रिय एकताको सन्देशसहित यस वर्षको ‘छठ’ पर्व मनाउन आफूहरू जनकपुरधामको गङ्गा सागरमा उपस्थित हुने जानकारी पनि दिनुभएको छ ।

ट्रकको ठक्करबाट दुई जनाको मृत्यु

दैनिक समाचारदलाता
सुनसरी, २२ कात्तिक ।

सुनसरीको इटहरी उपमहानगरपालिका १३ गणेश पेट्रोलपम्प नजिक ट्रकको ठक्करबाट मोटरसाइकलमा सवार दुई जनाको मृत्यु भएको छ ।

मृत्यु हुनेमा विराटनगर महानगरपालिका ९ का २७ वर्षीय स्पर्स अर्याल र विराटनगर महानगरपालिका २ का २८ वर्षीय सास्वत पोखरेल रहेको जिल्ला प्रहरी कार्यालय सुनसरीले जनाएको छ ।

कोशी लोकमार्गमा इटहरीबाट विराटनगरतर्फ जाँदै गरेको प्रदेश १-०४-००१ ख ०००८ नम्बरको ट्रकले विपरीत दिशाबाट आउँदै गरेको बा.प्र.०२-०२५ प ३१३६ नम्बरको मोटरसाइकललाई गएराति ठक्कर दिँदा दुर्घटना भएको थियो ।

ट्रकको ठक्करबाट मोटरसाइकलमा सवार दुवै जना गम्भीर घाइते भएका थिए । उनीहरूलाई उपचारका लागि कोशी अस्पताल विराटनगर लगिएकामा उपचारकै क्रममा मृत्यु भएको प्रहरीले जनाएको छ ।

दुर्घटनामा संलग्न ट्रक चालक सुनसरीको रामधुनी नगरपालिका-५ का ३९ वर्षीय काशिराम चौधरीलाई प्रहरीले नियन्त्रणमा लिएको जिल्ला प्रहरी कार्यालय सुनसरीका सूचना अधिकारी चन्द्रबहादुर खड्काले जानकारी दिए ।

सडक दुर्घटनाबाट बचौं र बचाऔं

- सवारी साधन चलाउँदा सावधानी अपनाऔं,
- मद्यपान तथा लागु पदार्थ सेवन गरेर सवारी साधन नचलाऔं,
- सिटबेल्ट, हेलमेट अनिवार्य प्रयोग गरौं,
- सवारी साधन नियमित मर्मत सम्भार गरौं,
- पैदल यात्रुले बाटो कादृदा जेब्राक्रस वा आकाशे पुलको प्रयोग गरौं,
- दुर्घटना भएमा तुरुन्त प्रहरी वा अस्पतालमा सम्पर्क गरौं ।



ट्राफिक नियम पालना गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

सम्पादकीय

पोखरी सरसफाइ र आम्दानीको स्रोत

पोखरी हाम्रो प्राकृतिक, सांस्कृतिक तथा आर्थिक सम्पत्ति हो । गाउँ-नगरका पोखरीले जलस्रोत संरक्षण, वातावरणीय सन्तुलन, भूमिगत पानीको पुनर्भरण तथा धार्मिक र सामाजिक गतिविधिमा महत्वपूर्ण भूमिका खेल्दै आएका छन् । तर पछिल्लो समय धेरै पोखरी फोहोर, अतिक्रमण र उपेक्षाका कारण अस्तित्व संकटमा पर्दैछन्। पोखरीको संरक्षण र सरसफाइमा ध्यान दिन नसक्दा यसको उपयोगिता घट्दै गएको छ । पोखरीलाई केवल पानी जम्ने ठाउँका रूपमा मात्र हेर्नु हुँदैन । व्यवस्थित सरसफाइ, संरक्षण र व्यवस्थापन गर्न सके पोखरी स्थानीय तहका लागि आम्दानीको महत्वपूर्ण स्रोतसमेत बन्न सक्छ ।

पोखरीमा माछापालन, ठेक्का व्यवस्थापन, पर्यटकीय आकर्षण, डुंगा सञ्चालन तथा अन्य पर्यावरणमैत्री गतिविधिबाट स्थानीय समुदाय र पालिकाले आर्थिक लाभ लिन सक्छन् । यसले स्थानीय रोजगारी सिर्जना गर्नुका साथै आर्थिक गतिविधिलाई पनि बढावा दिन सक्छ । तर पोखरीबाट आम्दानी गर्ने नाममा यसको प्राकृतिक स्वरूप बिगार्ने, पानी प्रदूषित गर्ने वा मनपरी ठेक्का लगाउने प्रवृत्ति उचित होइन ।

तसर्थ पोखरीको नियमित सरसफाइ, पानीको गुणस्तर परीक्षण, आसपासको फोहोर व्यवस्थापन र अतिक्रमण नियन्त्रण गर्नुपर्छ अनि पोखरीको आम्दानी र खर्च पारदर्शी तथा त्यसबाट प्राप्त रकम पोखरी संरक्षण र स्थानीय विकासमा खर्च गरिनुपर्छ ।

सप्तरीका रमणीय ठाउहरुबारे तपाईंलाई थाहा छ ?

सप्तरी जिल्ला पर्यटकीय गन्तव्यका लागि आकर्षक छ । तर, यसबारे धेरैलाई जानकारी छैन् । धार्मिक पर्यटकदेखि रमणीयस्थलहरु छन् ।

धार्मिक पर्यटनमा मुलुककै प्रसिद्ध एवं चर्चित छिन्नमस्ता मन्दिर यहीं जिल्लामा छन् । छिन्नमस्ता गाउँपालिकामा अविस्थत यो मन्दिरमा पूजापाठ गर्न टाढा टाढाबाट व्यक्तिहरु आउने गर्छन् । मन्दिर अगाडि रहेको पोखरी, पिकनिक स्पोर्ट, धर्मशाला समेत यहाँ रहेको छ ।

कंकालिनी मन्दिर : हनुमाननगर कंकालिनी नगरपालिका वडा नम्बर १ भारदहस्थित यो मन्दिर पनि मुलुककै चर्चित देवी मन्दिर हो ।

शम्भुनाथ मन्दिर : यो शम्भुनाथ नगरपालिकाभित्र छ । मन्दिरकै नामबाट पालिकाको नामांकरण समेत गरिएको छ । यहाँ बिक्रम सम्वत्को नयाँ साल अर्थात् बैशाख १ गतेदेखि एक महिनासम्म ठूलो मेला लाग्ने गर्दछ । साउन महिनामा श्रद्धालुको ठूलो घुइँचो यहाँ लाग्ने गर्दछ ।

हनुमान मन्दिर : हनुमानगर कंकालिनी नगरपालिकाको हनुमाननगर बजारमा पुरानो हनुमान मन्दिर छ । कालो हनुमान मन्दिर पुग्दा जोकोहि पनि मोहित हुन्छन् । जिल्लामा अन्य धेरै देवी देवताका मन्दिरहरु छन् ।

कोशी टप्पु : कोशी टप्पु वन्यजन्तु आरक्ष पनि यहीं जिल्लामा छन् । कंचनरुप नगरपालिकास्थित आरक्षमा गैंडासहित बिभिन्न वन्यजन्तुहरुको अवलोकन गर्न सकिन्छ ।

धारापानी क्षेत्र : चुरको कोखमा रहेको यो धारापानी क्षेत्र कंचनरुप नगरपालिकामा रहेको छ । यो ठाउँ पिकनिक मनाउनका लागि राम्रो स्थल मानिन्छ ।

लोहजारा दह : तिरहुत गाउँपालिकामा रहेको छ यो दह । यो ठाउँ पिकनिक मनाउनका लागि प्रसिद्ध मानिएको छ यो ठाउँ । यी ठाउँहरुको अवलोकन गरौं र मनलाई प्रसन्न बनाऔं ।

जनहीतका लागि : राजविराज दैनिक

श्रमिकको पारिश्रमिक तथा सामाजिक सुरक्षासम्बन्धी कार्यविधि स्वीकृत, के पाउँछन् श्रमिकले ?

काठमाडौँ, २२ कात्तिक (रासस) ।

सरकारले 'सार्वजनिक खरिदमा आबद्ध श्रमिकको पारिश्रमिक तथा सामाजिक सुरक्षासम्बन्धी कार्यविधि, २०८३' स्वीकृत गरेको छ ।

कानुन, न्याय तथा संसदीय मामिलामन्त्री सोविता गौतमले उक्त कार्यविधिले सरकारी पूर्वाधार निर्माणदेखि उद्योग, कलकारखाना, परामर्श, सूचना प्रविधि तथा अन्य सार्वजनिक खरिदमा आबद्ध श्रमिकको उचित पारिश्रमिक, सामाजिक सुरक्षा र श्रम अधिकार सुनिश्चित गर्दै बिचौलियाबाट हुने ठगी, श्रम शोषण र दुर्घटनामा असुरक्षित हुनुपर्ने अवस्थाको अन्त्य गर्ने कानुनी व्यवस्था गरेको बताउनुभयो ।

उहाँका अनुसार काम र सीपअनुसार न्यूनतम ज्यालाको सुनिश्चितता गरिएको छ । सरकारी निर्माण तथा फिल्डमा (क्षेत्रीय श्रमिक) काम गर्ने श्रमिकका लागि न्यूनतम दैनिक पारिश्रमिक निर्धारण गरिएको छ ।

कार्यविधिअनुसार श्रेणी १ का आधारभूत सहयोगी (अदक्ष) (स्वीपर, कार्यालय सहयोगीलगायत) का लागि कुल दैनिकदर रु एक हजार ७४० कायम गरिएको छ । जसमध्ये प्रत्यक्ष खातामा आउने रु एक हजार ४५०, सामाजिक सुरक्षा सार्वजनिक निकाय साझेदारी १० प्रतिशतबापत रु १४५ र रोजगारदाता साझेदारी १० प्रतिशतबापत रु १४५ समावेश छ ।

श्रेणी २ का आधारभूत कालिगड (अदक्ष) (सुरक्षा गार्ड, हलुका चालक, ज्यामी आदि) को कुल दैनिकदर रु एक हजार ९२० हुनेछ । जसमा प्रत्यक्ष खातामा आउने रु एक हजार ६००, सामाजिक सुरक्षा सार्वजनिक निकाय साझेदारी १० प्रतिशतबापत रु १६० र रोजगारदाता साझेदारी १० प्रतिशतबापत रु १६० समावेश छ ।

श्रेणी ३ का अर्धदक्ष सहयोगी तथा सेवाकर्मी (सुरक्षा गार्ड, हलुका चालक, सहायक मिस्त्री/अपरेटर आदि) को कुल दैनिकदर रु दुई हजार १०० हुनेछ । जसमा प्रत्यक्ष खातामा आउने रु एक हजार ७५०, सामाजिक सुरक्षा सार्वजनिक निकाय साझेदारी १० प्रतिशतबापत रु १७५ र रोजगारदाता साझेदारी १० प्रतिशतबापत रु १७५ समावेश छ ।

श्रेणी ४ का दक्ष कालिगड तथा सहायक सुपरिवेक्षक (डकर्मी, प्लम्बर, मेसिन/कम्प्युटर अपरेटर, गणक आदि) को कुल दैनिकदर रु दुई हजार २८० हुनेछ । जसमा प्रत्यक्ष खातामा आउने रु एक हजार ९००, सामाजिक सुरक्षा सार्वजनिक निकाय साझेदारी १० प्रतिशतबापत रु १९० र रोजगारदाता साझेदारी १० प्रतिशतबापत रु १९० समावेश छ ।

श्रेणी ५ अन्तर्गतका उच्च दक्ष तथा सुपरीवेक्षक (फोरम्यान, हेभी अपरेटर, सब-इन्जिनियर आदि) को कुल दैनिकदर रु दुई हजार ४०० हुनेछ । जसमा प्रत्यक्ष खातामा आउने रु दुई हजार, सामाजिक सुरक्षा सार्वजनिक निकाय साझेदारी १० प्रतिशतबापत रु २०० र रोजगारदाता साझेदारी १० प्रतिशतबापत रु २०० समावेश छ ।

मन्त्री गौतमका अनुसार बौद्धिक तथा व्यावसायिक श्रमिकको न्यूनतम पारिश्रमिक दर पनि निर्धारण गरिएको छ । जसमा श्रेणी १ का आधारभूत (प्रशासनिक) को कुल मासिक रकम रु ५४ हजार ६०० हुनेछ । जसमा दैनिक दर रु एक हजार ७५०, सामाजिक सुरक्षा सार्वजनिक निकाय साझेदारी १० प्रतिशतबापत रु १७५ र रोजगारदाता साझेदारी १० प्रतिशतबापत रु १७५ पनि समावेश छ ।

श्रेणी २ का आधारभूत (प्राविधिक) को कुल मासिक रकम रु ७६ हजार ४४० हुनेछ । जसमध्ये दैनिकदर रु दुई हजार ४५०, सामाजिक सुरक्षा सार्वजनिक निकाय साझेदारी १० प्रतिशतबापत रु २४५ र रोजगारदाता साझेदारी १० प्रतिशतबापत रु २४५ समावेश छ ।

श्रेणी ३ का विशेषज्ञको (पाँच वर्षसम्मको अनुभवको हकमा) कुल मासिक रकम रु एक लाख २० हजार १२० हुनेछ । जसमा दैनिक दर रु तीन हजार ८५०, सामाजिक सुरक्षा सार्वजनिक निकाय साझेदारी १० प्रतिशतबापत रु ३८५ र रोजगारदाता साझेदारी १० प्रतिशतबापत रु ३८५ समावेश छ ।

श्रेणी ४ का विशेषज्ञ विज्ञको (५ देखि १० वर्षसम्मको अनुभवको हकमा) कुल मासिक रकम रु एक लाख ६३ हजार ८०० हुनेछ । जसमा दैनिक दर रु पाँच हजार २५०, सामाजिक सुरक्षा सार्वजनिक निकाय साझेदारी १० प्रतिशतबापत रु ५२५ र रोजगारदाता साझेदारी १० प्रतिशतबापत रु ५२५ समावेश हुनेछ ।

श्रेणी ५ का विशेषज्ञ टिम लिडरको (१० देखि १५ वर्षसम्मको अनुभवको हकमा) कुल मासिक रकम रु दुई लाख सात हजार ४८० हुनेछ । जसमा दैनिक दर रु छ हजार ६५०, सामाजिक सुरक्षा सार्वजनिक निकाय साझेदारी १० प्रतिशतबापत रु ६६५ र रोजगारदाता साझेदारी १० प्रतिशतबापत रु ६६५ समावेश हुनेछ ।

श्रेणी ६ का विशेषज्ञ टिम लिडरको (१५ वर्षमाथिको अनुभवको हकमा) कुल मासिक रकम रु दुई लाख ६२ हजार ८० हुनेछ । जसमा दैनिक दर रु आठ हजार ४००, सामाजिक सुरक्षा सार्वजनिक निकाय साझेदारी १० प्रतिशतबापत रु ८४० र रोजगारदाता साझेदारी १० प्रतिशतबापत रु ८४० समावेश हुनेछ । मन्त्रालयका अनुसार उद्योग, कलकारखाना, बिक्रेता वा उत्पादकअन्तर्गतका श्रमिकको न्यूनतम मासिक पारिश्रमिक दर पनि निर्धारण गरिएको छ ।

जसमध्ये श्रेणी १ का आधारभूत सहयोगी (अदक्ष) (स्वीपर, कार्यालय सहयोगी आदि) का लागि जम्मा रकम रु ३२ हजार ६०७ हुनेछ । जसमा खातामा आउने मासिक दर रु २७ हजार १७२ र सामाजिक सुरक्षा योगदान २० प्रतिशतले हुन आउने रु पाँच हजार ४३५ पनि समावेश छ ।

श्रेणी २ का आधारभूत कालिगड (अदक्ष) (सुरक्षा गार्ड, हलुका चालक, ज्यामी आदि) को जम्मा रकम रु ३८ हजार ४४८ हुनेछ । जसमा खातामा आउने मासिक दर रु ३० हजार ३७३ र सामाजिक सुरक्षा योगदान २० प्रतिशतले हुन आउने रु छ हजार ७५ पनि समावेश छ ।

श्रेणी ३ का अर्धदक्ष सहयोगी तथा सेवाकर्मी (सुरक्षा गार्ड, हलुका चालक, सहायक मिस्त्री/अपरेटर आदि) को जम्मा रकम रु ३९ हजार २४२ हुनेछ । जसमा खातामा आउने मासिक दर रु ३२ हजार ७०१ र सामाजिक सुरक्षा योगदान २० प्रतिशतले हुन आउने रु छ हजार ४४१ पनि समावेश गरिएको मन्त्रालयले जनाएको छ ।

श्रेणी ४ का दक्ष कालिगड तथा सहायक सुपरीवेक्षक (मेसिन/कम्प्युटर अपरेटर आदि) को जम्मा रकम रु ४३ हजार ४३१ हुनेछ । जसमा खातामा आउने मासिक दर रु ३६ हजार १९२ र सामाजिक सुरक्षा योगदान २० प्रतिशतले हुन आउने रु सात हजार २३९ समावेश छ ।

श्रेणी ५ का उच्च दक्ष तथा सुपरीवेक्षक (फोरम्यान, हेभी अपरेटर, सुपरभाइजर, सब-इन्जिनियर, लेखापाल आदि) को जम्मा रकम रु ४५ हजार ८४४ हुनेछ । जसमध्ये खातामा आउने मासिक दर रु ३८ हजार २०३ र सामाजिक सुरक्षा योगदान २० प्रतिशतले हुन आउने रु सात हजार ६४१ समावेश छ ।

उल्लिखित न्यूनतम मासिक पारिश्रमिकका अतिरिक्त प्रचलित कानुनबमोजिम सरकारी सेवासरहका चाडपर्व खर्च, बिदा, भत्ताहरूसमेत रोजगारदाताले श्रमिकलाई उपलब्ध गराउनुपर्ने कार्यविधिमा उल्लेख छ ।

कार्यविधिअनुसार श्रमिकको सामाजिक सुरक्षा र दर्ता अनिवार्य गर्नुपर्नेछ । सरकारी ठेक्का तथा सार्वजनिक खरिदमा सहभागी हुने निर्माण व्यवसायी, श्रमिक आपूर्तिकर्ता, उद्योग, कलकारखाना, परामर्शदाता तथा अन्य सेवा प्रदायकले आफ्ना सबै श्रमिकलाई सामाजिक सुरक्षा कोषमा आबद्ध गराई नियमित योगदान जम्मा गर्नुपर्नेछ । प्रत्येक श्रमिकको निःशुल्क दर्ता र परिचयपत्रको व्यवस्था गर्नुपर्नेछ ।

सामाजिक सुरक्षा कोषमा आबद्ध नभएका रोजगारदाताले सार्वजनिक खरिद प्रक्रियामा भाग लिन पाउने छैनन् । श्रमिकलाई कोषमा आबद्ध नगराएको प्रमाणित भएमा सम्बन्धित फर्म वा कम्पनीलाई सार्वजनिक खरिदमा सहभागी हुन रोक लगाइनेछ । सबै श्रमिकलाई कोषमा आबद्ध गराएको प्रमाण पेस गरेपछि भने उक्त रोक फुकुवा हुने कार्यविधिमा उल्लेख छ ।

ज्यालासँगै सामाजिक सुरक्षा, सरकारको पनि योगदान हुनुपर्नेछ । निर्माण कार्य र परामर्श सेवामा श्रमिकको सामाजिक सुरक्षाका लागि रोजगारदाताले व्यहोर्नुपर्ने २० प्रतिशत योगदानमध्ये १० प्रतिशत सरकारले र १० प्रतिशत रोजगारदाताले व्यहोर्ने व्यवस्था गरिएको छ । उदाहरणका लागि, दैनिक रु दुई हजार पारिश्रमिक पाउने उच्च दक्ष श्रमिकको सामाजिक सुरक्षाका लागि थप रु ४०० योगदान हुनेछ । यसमध्ये रु २०० सरकार र रु २०० रोजगारदाताले व्यहोर्नेछन् । यसरी श्रमिकले आफ्नो ज्यालासँगै सामाजिक सुरक्षाको संरक्षण पनि प्राप्त गर्नेछन् । दैनिक ज्यालादारी र छोटो अवधिका श्रमिकसमेत पहिलो दिनदेखि नै सामाजिक सुरक्षा प्रणालीमा आबद्ध हुनेछन् ।

कार्यविधिमा श्रमिकको पारिश्रमिक सिधै निजको बैंक खातामा जम्मा गर्नुपर्ने उल्लेख छ । बिचौलियाले कमिसन लिन, काम दिलाएबापत शुल्क असुल्न वा बैंक खातामा रकम जम्मा गरेर दबाब दिइ फिर्ता लिन पाइने छैन । श्रमिकलाई ज्याला नदिएको प्रमाणित भएमा सरकारले ठेकेदारलाई दिनुपर्ने रकमबाट कट्टा गरी श्रमिककै खातामा भुक्तानी गर्न सक्नेछ ।

साथै कार्यस्थलमा सुरक्षा उपकरण, सफा खानेपानी, शौचालय र प्राथमिक उपचारको व्यवस्था अनिवार्य गरिएको छ । दुर्घटना भएमा तत्काल उद्धार र उपचारको जिम्मेवारी रोजगारदाताको हुनेछ । बिमा, क्षतिपूर्ति र पुनःस्थापनाका लागि सरकारी निकायले सहजीकरण गर्नेछन् ।

कार्यविधिमा स्थायी मात्र नभई पार्ट टाइम काम गर्ने, दैनिक ज्यालादारी, अस्थायी, मौसमी तथा छोटो अवधिका श्रमिकसमेत निःशुल्क दर्ता भई परिचयपत्र प्राप्त गर्ने उल्लेख छ । उनीहरूको काम, पारिश्रमिक र सामाजिक सुरक्षा योगदानको विद्युतीय अभिलेख राखिने जनाइएको छ ।

रोजगारी वा व्यक्तिगत विवरणमा परिवर्तन भएमा श्रमिककै मोबाइलमा एसएमएसमार्फत जानकारी पुग्ने व्यवस्था गरिएको छ । यसले अनौपचारिक श्रमलाई औपचारिक अर्थतन्त्रमा समेट्दै श्रमिकको अधिकार, पारदर्शिता र जवाफदेहिता सुनिश्चित गर्न सहयोग गर्नेछ ।

श्रमिकको गुनासो सुनुवाइ र अधिकार संरक्षणको सुनिश्चितता पनि कार्यविधिमा गरिएको छ । पारिश्रमिक नपाएको, दुर्घटनामा उपचार वा सुविधा नपाएको, कार्यस्थलमा दुर्व्यवहार भएको वा अन्य अधिकार हनन भएको अवस्थामा श्रमिकले मौखिक, लिखित वा विद्युतीय माध्यमबाट उजुरी दिन सक्नेछन् ।

रोजगारदाताले सात दिनभित्र गुनासो फछ्यौंट गर्नुपर्नेछ । समाधान नभएमा वा चित्त नबुझेमा श्रमिकले स्थानीय रोजगार, सीप तथा उद्यमशीलता केन्द्र वा श्रमिक कल्याण इकाइमा सिधै उजुरी

बाँकी अन्तिम पृष्ठमा

सैनिक कल्याणकारी कोष: ४० हजार विद्यार्थीलाई छात्रवृत्ति, १० लाख हिताधिकारीलाई सुविधा

काठमाडौँ, २२ कात्तिक (रासस)।

सैनिक कल्याणकारी कोषलाई बहालवाला तथा अवकाशप्राप्त सैनिक र तिनका आश्रित परिवारको सामाजिक सुरक्षा सुनिश्चित गर्ने संस्थागत आधारका रूपमा विकसित गरिएको छ। नेपाली सेनाले २०३२ सालदेखि सैनिक कल्याणकारी कोषमार्फत उनीहरूका लागि शिक्षा, स्वास्थ्य, सीप विकास, रोजगारी तथा आर्थिक सुरक्षाका कार्यक्रम सञ्चालन गर्दै आइरहेको छ।

सैनिक प्रवक्ता एवं सहायक रथी राजाराम बस्नेतका अनुसार कोषको योगदान सैनिक परिवारको कल्याणमा मात्र सीमित नभई सरकारका शिक्षा, स्वास्थ्य, सीप विकास र सामाजिक सुरक्षासम्बन्धी प्रयासमा समेत सहयोगी बनेको छ। हाल १० लाख हिताधिकारीले ती सुविधा तथा सुहलियत लिएका छन्। त्यस्तै करिब ४० हजार विद्यार्थी सैनिक विद्यालयमा छात्रवृत्तिमा अध्ययनरत छन् भने करिब एक लाख १० हजारभन्दा बढी सकलदर्जा सहुलियतपूर्ण ऋणबाट लाभान्वित भइसकेका छन्।

सैनिक कल्याणकारी कोष सैनिक परिवारलाई सुविधा उपलब्ध गराउने संयन्त्रमात्र नभई शिक्षा, स्वास्थ्य, सीप, रोजगारी र उद्यमशीलतामार्फत राष्ट्रका लागि दक्ष तथा आत्मनिर्भर नागरिक उत्पादन गर्ने संस्थागत माध्यमका रूपमा स्थापित भएको छ। सैनिक परिवारका सन्ततिलगायत सर्वसाधारणलाई गुणस्तरीय, सहुलियतपूर्ण तथा समान शैक्षिक अवसर उपलब्ध गराउँदै चिकित्सा, प्राविधिक र कृषिलगायतका क्षेत्रमा दक्ष जनशक्ति उत्पादनमार्फत राष्ट्रिय जनशक्ति विकासमा कोषले योगदान पुर्‍याउँदै आएको उल्लेख छ।

सेनाले सुलभ, गुणस्तरीय र सहज स्वास्थ्य सेवा उपलब्ध गराउँदै विशिष्टीकृत उपचार, दक्ष स्वास्थ्य जनशक्ति उत्पादन तथा परिचालनमार्फत राष्ट्रिय स्वास्थ्य प्रणालीलाई समेत सघाएको छ। हिताधिकारीको सामाजिक तथा आर्थिक सुरक्षा सुनिश्चित गर्न स्वास्थ्य तथा दुर्घटना बीमा, विपद् राहत, सहुलियतपूर्ण आवास, घडेरी तथा सवारीसाधन कर्जामार्फत सैनिक र तिनका परिवारको जीवनस्तर सुधारमा सैनिक कल्याणकारी कोषले निरन्तर योगदान दिँदै आएको छ। (सैनिक कल्याणकारी कोषका गतिविधिका सम्बन्धमा सेनाले राष्ट्रिय सामचार समिति (रासस)लाई उपलब्ध गराएको लेख यसप्रकार छ:)

सैनिक कल्याणकारी कोष: सामाजिक सुरक्षा र समृद्धिको आधार

कुनै पनि राष्ट्रको सुरक्षा व्यवस्था सुदृढ बनाउन सैन्य सङ्गठनको व्यावसायिक क्षमता, दक्षता र मनोबल जति महत्त्वपूर्ण हुन्छ, सैनिक तथा तिनका परिवारको सामाजिक सुरक्षा र कल्याण पनि उत्तिकै महत्त्वपूर्ण हुन्छ। राष्ट्र र नागरिकको सुरक्षामा आफ्नो जीवनको महत्त्वपूर्ण समय समर्पण गर्ने सैनिक तथा सेवाबाट अवकाशप्राप्त गरेपछि पनि सम्मानजनक, सुरक्षित र आत्मनिर्भर जीवनयापन गर्न सक्ने वातावरण निर्माण गर्नु राज्यको दायित्व हो। यही दायित्वलाई संस्थागत रूपमा सम्बोधन गर्दै नेपाली सेनाले २०३२ सालदेखि सैनिक कल्याणकारी कोषमार्फत बहालवाला तथा अवकाशप्राप्त सैनिक र तिनका आश्रित परिवारको शिक्षा, स्वास्थ्य, सीप विकास, रोजगारी तथा आर्थिक सुरक्षाका कार्यक्रम सञ्चालन गर्दै आएको छ।

शिक्षामा योगदान

सैनिक परिवारका सन्ततिलाई गुणस्तरीय तथा सहुलियतपूर्ण शिक्षा प्रदान गर्नुका साथै राष्ट्रलाई आवश्यक दक्ष जनशक्ति उत्पादन गर्ने उद्देश्यले कोषले सैनिक विद्यालय तथा महाविद्यालय, मेडिकल, नर्सिङ, पोलिटेक्निक्स र नेपाली सेना कृषि विज्ञान संस्थानमार्फत शैक्षिक कार्यक्रम सञ्चालन गरिरहेको छ। यी संस्थाबाट हालसम्म एक हजार ७४ चिकित्सक, दुई हजार ७६ नर्स, ५५ प्राविधिक जनशक्ति र ४०९ कृषिविज्ञ उत्पादन भइसकेका छन्। सैनिक विद्यालय तथा महाविद्यालयबाट करिब ३० हजार र प्राविधिक महाविद्यालयबाट करिब चार हजार सैनिक तथा गैरसैनिक विद्यार्थी दीक्षित भएका छन्।

शिक्षाको पहुँच विस्तार गर्ने उद्देश्यले विभिन्न जिल्लाका २४४ उत्कृष्ट सम्झौताबद्ध शैक्षिक संस्थामार्फत चार हजार ६०० सैनिक परिवारका सन्ततिलाई अध्ययन सुविधा उपलब्ध गराइएको छ। हाल करिब ४० हजार विद्यार्थी सैनिक विद्यालयहरूमा अध्ययनरत रहेका छन्। साथै, सैनिक विद्यालय, महाविद्यालय तथा सम्झौताबद्ध संस्थामा अध्ययनको अवसर नपाएका करिब ३५ हजार हिताधिकारीका एक सन्ततिलाई प्रतिविद्यार्थी वार्षिक एकमुष्ट २५ हजार रुपैयाँ छात्रवृत्ति प्रदान गरिँदै आएको छ।

यसले आर्थिक अवस्थाका कारण सैनिक परिवारका सन्तति शिक्षाबाट वञ्चित हुनुपर्ने अवस्था न्यूनीकरण गर्दै समान शैक्षिक अवसर विस्तार गरेको छ। यसरी कोषका शैक्षिक संस्थाहरू सैनिक परिवारको शैक्षिक उन्नतिसँगै राष्ट्रिय जनशक्ति उत्पादनका महत्त्वपूर्ण केन्द्र बनेका छन्।

सुलभ स्वास्थ्य सेवा र राष्ट्रिय स्वास्थ्य प्रणालीमा योगदान

विसं १९८३ मा त्रिभुवन चन्द्र मिलिटरी अस्पताल स्थापनासँगै सुरु भएको सैनिक स्वास्थ्य सेवा विस्तार हुँदै हाल वीरेन्द्र सैनिक अस्पताल केन्द्रीय तथा विशिष्टीकृत अस्पतालका रूपमा स्थापित भएको छ। यसका अतिरिक्त देशका सबै प्रदेशमा सञ्चालित सैनिक तथा फिल्ड अस्पताल र तोकिएका अन्य अस्पतालबाट हिताधिकारीलाई स्वास्थ्य सेवा उपलब्ध गराइँदै आएको छ। सैनिक अस्पतालबाहेक तोकिएका १८ गैरसैनिक अस्पतालमा उपचार गराउँदा लाग्ने खर्चसमेत शोधभर्ना गर्ने व्यवस्था छ। जटिल रोगका बिरामीका लागि बहिरङ्ग उपचार सुविधाको वार्षिक सीमा वृद्धि, औषधि व्यवस्थापनमा सुधार तथा डिजिटल प्रणालीमार्फत सेवा प्रवाहलाई व्यवस्थित बनाउने कार्यले स्वास्थ्य सेवा थप सहज भएको छ।

आर्थिक वर्ष २०८२/८३ मा उपचार सेवाबाट करिब पाँच लाख हिताधिकारी लाभान्वित भएका छन् भने जटिल प्रकृतिका रोग लागेका एक हजार २६ जना बिरामीले रु एक लाख ६० हजारसम्मको उपचार सेवा उपभोग गरेका छन्। आवश्यक स्वास्थ्य जनशक्ति व्यवस्थापन, छात्रवृत्तिमा अध्ययन पूरा गरेका चिकित्सक तथा नर्सको परिचालन र वेलफेयर म्यानपावर म्यानेजमेन्ट (डब्लुएमएम)प्रणालीमार्फत डिजिटल अभिलेखीकरणले स्वास्थ्य सेवा व्यवस्थापनलाई थप प्रभावकारी बनाएको छ। यसले सैनिक परिवारको स्वास्थ्य सुरक्षा सुनिश्चित गर्नुका साथै सरकारको समग्र स्वास्थ्य सेवा प्रणालीलाई पूरक सहयोग पुर्‍याएको छ।

सीप, उद्यमशीलता र अवकाशपछिका आत्मनिर्भरता

सैनिक सेवाबाट प्राप्त अनुशासन, अनुभव, नेतृत्व क्षमता र व्यावसायिक दक्षतालाई अवकाशपछि पनि उत्पादनमूलक क्षेत्रमा उपयोग गर्न सकिन्छ। यही सम्भावनालाई अवसरमा रूपान्तरण गर्न कोषले सीप विकास, रोजगारी, उद्यमशीलता र स्वरोजगारलाई प्राथमिकता दिएको छ। प्रत्येक प्रदेशमा रहेका इपिसेन्टरमार्फत सैनिक परिवार तथा अवकाशप्राप्त सैनिकलाई उद्योग, व्यवसाय र कृषि क्षेत्रमा सहुलियतपूर्ण कर्जा, उद्यमशीलता प्रवर्द्धन तथा व्यावसायिक तालिम उपलब्ध गराउँदै आएको छ।

विशेषगरी अवकाशप्राप्त सैनिकलाई रोजगारी खोज्ने व्यक्तिमा मात्र सीमित नराखी आफ्नै ज्ञान, सीप र अनुभवका आधारमा व्यवसाय तथा स्टार्टअप सञ्चालन गर्न सक्षम बनाउने लक्ष्य लिइएको छ। आवश्यक तालिम, सहुलियतपूर्ण कर्जा र उद्यमशीलताका अवसरले उनीहरूलाई आत्मनिर्भर बनाउनुका साथै स्थानीय उत्पादन, रोजगारी सृजना र राष्ट्रिय अर्थतन्त्रमा योगदान पुर्‍याउने आधार तयार गरेको छ। कोषका विभिन्न निकायमा करिब दुई हजार २०० जनशक्तिले प्रत्यक्ष रोजगारी प्राप्त गरेका छन् भने व्यावसायिक तालिम केन्द्रमार्फत हालसम्म आठ हजारभन्दा बढी हिताधिकारीलाई सीपमूलक तालिम प्रदान गरिएको छरु ।

सामाजिक सुरक्षा र आर्थिक सहुलियत

शिक्षा, स्वास्थ्य र रोजगारीका अतिरिक्त हिताधिकारीको सामाजिक तथा आर्थिक सुरक्षालाई पनि कोषले प्राथमिकता दिएको छ। गम्भीर रोगका बिरामीका लागि स्वास्थ्य बीमा, कर्तव्यपालनका क्रममा मृत्यु भएका सैनिकका परिवारका लागि दुर्घटना बीमा तथा दैवी र प्राकृतिक प्रकोपबाट प्रभावित हिताधिकारीलाई आर्थिक राहत उपलब्ध गराइँदै आएको छ।

सहुलियतपूर्ण आवास तथा घडेरी कर्जा, सवारीसाधन खरिदका लागि सहुलियत ऋण र अन्य आर्थिक सहायता कार्यक्रमले सैनिक परिवारको आर्थिक सुरक्षा र जीवनस्तर सुधारमा सहयोग पुर्‍याएका छन्। हालसम्म करिब एक लाख १० हजारभन्दा बढी सकलदर्जा सहुलियतपूर्ण ऋणबाट लाभान्वित भइसकेका छन्। सैनिकको सेवाअवधि समाप्त भए पनि उनीहरू र परिवारप्रतिको संस्थागत जिम्मेवारी निरन्तर रहन्छ भन्ने मान्यतालाई यी कार्यक्रमले व्यवहारमा उतारेका छन्।

कोषको दिगोपन र राष्ट्रिय अर्थतन्त्रमा योगदान

हाल १० लाख हिताधिकारी रहेको कोषमा लाभग्राहीको बढ्दो सङ्ख्या र आयस्रोतमा देखिएको सङ्कुचनले दीर्घकालीन आर्थिक दिगोपनलाई चुनौती दिएको छ।

बैङ्कबाट प्राप्त हुने ब्याज आम्दानीमा आएको गिरावट तथा संयुक्त राष्ट्रसङ्घबाट शान्ति सैनिकको सङ्ख्या र बजेटमा गरिएको कटौतीले कोषको आयमा प्रत्यक्ष तथा परोक्ष प्रभाव पारेको छ। यस्तो अवस्थामा आयस्रोत विविधिकरण र दीर्घकालीन प्रतिफल दिने परियोजनामा लगानी गर्नु आवश्यक देखिन्छ।

यसै सन्दर्भमा कोषको आय अभिवृद्धि तथा नेपाल सरकारको वैकल्पिक ऊर्जा नीतिलाई सहयोग पुर्‍याउने उद्देश्यले रुपन्देहीको सैनामैनामा करिब १० मेगावाट क्षमताको सौर्य ऊर्जा परियोजना सञ्चालनमा ल्याउने तयारी भइरहेको छ। यसले कोषको दीर्घकालीन आयस्रोत विविधिकरण गर्नुका साथै स्वच्छ ऊर्जाको विकासमा योगदान पुर्‍याउने अपेक्षा गरिएको छ। अर्कातर्फ, कल्याणकारी कोषले नेपाल सरकारलाई वार्षिक रूपमा करिब रु ७० करोडसम्म कर बुझाउँदै आएको छ। यसबाट सैनिक परिवारको कल्याणसँगै राज्यको राजस्व र राष्ट्रिय अर्थतन्त्रमा समेत कोषको योगदान स्पष्ट हुन्छ।

समग्रमा सैनिक कल्याणकारी कोष बहालवाला तथा अवकाशप्राप्त सैनिक र तिनका आश्रित परिवारको सामाजिक सुरक्षा सुनिश्चित गर्ने संस्थागत आधारका रूपमा विकसित भएको छ। सैनिक परिवारका सन्ततिलाई शिक्षा प्रदान गर्नु, चिकित्सक, नर्स, प्राविधिक तथा कृषि विज्ञ उत्पादन गर्नु, स्वास्थ्य सेवाको पहुँच विस्तार गर्नु र सीप तथा उद्यमशीलतामार्फत आत्मनिर्भर नागरिक निर्माण गर्नु यसको महत्त्वपूर्ण योगदान हो। यसले सरकारका शिक्षा, स्वास्थ्य, रोजगारी तथा सामाजिक सुरक्षासम्बन्धी प्रयासलाई समेत सहयोग पुर्‍याएको छ।

राष्ट्रको सुरक्षामा जीवन समर्पण गर्ने सैनिक र तिनका परिवारलाई सेवामा रहँदामात्र नभई अवकाशपछि पनि सुरक्षित, सम्मानित र आत्मनिर्भर जीवनयापनको आधार उपलब्ध गराउनु यस कोषको मूल मर्म हो। त्यसैले बढ्दो दायित्वअनुरूप कोषलाई आर्थिक रूपमा दिगो, सेवामुखी र समयसापेक्ष बनाउँदै लैजानु आवश्यक छ। सैनिक परिवारको कल्याण, दक्ष नागरिक उत्पादन र राष्ट्रिय समृद्धिमा योगदान गर्ने साझा उद्देश्य बोकेको सैनिक कल्याणकारी कोष नेपाली सेनाप्रतिको विश्वास, आत्मीयता र संस्थागत गौरव अभिवृद्धि गर्ने महत्त्वपूर्ण आधारसमेत हो।

विश्व समाचार

होर्मुजमा दुई तेल ट्याङ्करमा आगलागी भएको इरानको दाबी

तेहरान, २२ कात्तिक (रासस/एएफपी)।

स्ट्रेट अफ होर्मुजमा नौसैनिक बारुदी सुरुङमा ठोक्किएपछि दुईवटा तेल ट्याङ्करमा आगलागी भएको इरानको इस्लामिक रिभोलुसनरी गार्ड कर्प्स (आईआरजीसी) ले जनाएको छ।

सरकारी समाचार संस्था आईआरएनएका अनुसार, आइतबार आईआरजीसीले ती ट्याङ्करहरू अनधिकृत जलमार्ग प्रयोग गरी अघि बढ्ने क्रममा बारुदी सुरुङमा ठोक्किएको जनाएको हो।

आईआरजीसीको विज्ञप्तिमा भनिएको छ, "नियम उल्लङ्घन गर्ने दुई तेल ट्याङ्करमध्ये एउटा स्ट्रेट अफ होर्मुजको पूर्वी भागमा र अर्को होर्मुज मध्यभित्र नौसैनिक बारुदी सुरुङमा ठोक्किएपछि आगलागी भएको हो।"

ती ट्याङ्करहरूले नेभिगेसन र स्थान पहिचान प्रणाली बन्द गर्नेलगायतका नियमसमेत उल्लङ्घन गरेको इरानको दाबी छ। यद्यपि, इरानले ट्याङ्करहरूको नाम र राष्ट्रियता खुलाएको छैन।

फेब्रुअरीको अन्त्यमा इरानमा युद्ध सुरु भएयता तेहरानले विश्वको प्रमुख ऊर्जा आपूर्ति मार्गमध्ये एक होर्मुजमा जहाज आवागमनमा कडा प्रतिबन्ध लगाउँदै आएको छ। इरानले आफ्नै अनुमतिमा तोकिएका जलमार्ग मात्र प्रयोग गर्न जहाजहरूलाई निर्देशन दिएको छ।

यसको जवाफमा अमेरिकाले इरानी बन्दरगाहहरूमा नौसैनिक नाकाबन्दी लगाउनुका साथै ट्याङ्करहरूलाई उक्त जलमार्ग पार गर्न सहयोग गर्दै आएको छ। विश्वको कुल तेल खपतको करिब पाँच भागको एक भाग यही जलमार्गबाट ओसारपसार हुने गर्छ।

अमेरिकी सेन्ट्रल कमान्डका अनुसार, गर्मीयामयता खाडी राष्ट्रहरूलाई होर्मुज हुँदै एक अर्ब ५० करोड ब्यारेल तेल निर्यात गर्न अमेरिकाले सहयोग गरेको थियो। अमेरिकी सेनाले हालै उक्त जलमार्गबाट सबै बारुदी सुरुङ हटाइसकिएको दाबीसमेत गरेको छ।

यसैबीच, शनिबार राति इरानका विभिन्न स्थानमा विस्फोटजस्ता आवाज सुनिएको आईआरएनएले जनाएको छ। समाचार संस्थाका अनुसार केसम, सिरिक, जास्क र बन्दर अब्बासमा त्यस्ता आवाज सुनिएका थिए। ती आवाजको कारण भने खुलेको छैन।

जास्क बन्दरगाह सहरमा कुनै वस्तु ठोक्किएको अधिकारीहरूले पुष्टि गरेको पनि आईआरएनएले जनाएको छ।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले यसअघि इरानमाथि पुनः ठूलो सैन्य आक्रमण गर्ने सम्भावनाबारे चर्चा गर्नुभएको थियो। पछि उहाँले उक्त योजनाबाट पछि हटेको सङ्केत गर्नुभएको थियो। यद्यपि, अमेरिकी सेनाले इरानमाथि सीमित आक्रमण भने जारी राखेको छ।

चीनको हाइनान टापुमा भ्यागुताको नयाँ प्रजाति फेला

हाइकोउ, २२ कात्तिक (रासस/सिन्ह्वा)।

दक्षिण चीनको टापु प्रान्त हाइनानस्थित उष्णकटिबन्धीय वर्षावनमा भ्यागुताको नयाँ प्रजाति फेला परेको छ। यस खोजले उक्त क्षेत्रको जैविक विविधता र पारिस्थितिक अवस्थामा सुधार भइरहेको देखाएको अनुसन्धानकर्ताहरूले बताएका छन्।

हाइनान नर्मल युनिभर्सिटी र अन्य विश्वविद्यालयका अनुसन्धानकर्ताहरूले हाइनान उष्णकटिबन्धीय वर्षावन राष्ट्रिय निकुञ्जमा उक्त प्रजाति फेला पारेका हुन्। नयाँ प्रजातिलाई 'हाइनान ग्रुभ-टोड फ्रग' नाम दिइएको छ। यससम्बन्धी अनुसन्धान प्रतिवेदन जनावरहरूको वर्गीकरणसम्बन्धी अन्तरराष्ट्रिय जर्नल 'जुकिज'मा प्रकाशित भएको छ।

अनुसन्धान टोलीले सन् २०२४ देखि २०२६ सम्म निकुञ्जमा गरेको स्थलगत सर्वेक्षणका क्रममा नयाँ प्रजाति पहिचान गरेको हो। यसको शारीरिक बनावट, आणविक तथा आनुवंशिक विश्लेषण र अन्य ज्ञात प्रजातिसँगको तुलनाका आधारमा नयाँ प्रजाति भएको पुष्टि गरिएको हो।

अनुसन्धानअनुसार यो भ्यागुता समुद्री सतहबाट ३५० देखि ९५० मिटर उचाइमा रहेका उष्णकटिबन्धीय वर्षावनमा पाइन्छ। सदाबहार चौडा पात भएका रूखहरू यसको प्रमुख बासस्थान हुन्। हाइनान नर्मल युनिभर्सिटीको स्कुल अफ लाइफ साइन्सेसका डिन वाङ जिचाओले यो खोज राष्ट्रिय निकुञ्ज र आसपासका क्षेत्रमा भइरहेको जैविक विविधता सर्वेक्षणको महत्वपूर्ण उपलब्धि भएको बताउनुभयो। उहाँका अनुसार यसले हाइनान टापुमा उभयचर जीवको विविधता थप विस्तार गरेको छ।

सन् २०२१ मा स्थापना भएको हाइनान उष्णकटिबन्धीय वर्षावन राष्ट्रिय निकुञ्ज चीनको महत्वपूर्ण जैविक विविधता संरक्षण क्षेत्र हो। निकुञ्ज प्रशासनका अनुसार पछिल्ला पाँच वर्षमा यहाँ वनस्पति र वन्यजन्तुका ९० भन्दा बढी नयाँ प्रजाति फेला परेका छन्।

निकुञ्जले हाइनानको ९५ प्रतिशतभन्दा बढी प्राथमिक वन र ५५ प्रतिशतभन्दा बढी प्राकृतिक वनको प्रभावकारी संरक्षण गरेको जनाएको छ।

विद्युतीय अटो रिक्साले बदल्दै भारतका सडकको स्वरूप

हैदराबाद, २२ कात्तिक (रासस/एएफपी)।

भारतमा विद्युतीय तीनपाङ्ग्रे सवारी साधन (अटो रिक्सा) को प्रयोग तीव्र रूपमा बढ्दै गएको छ। हरेक ९० सेकेन्डमा एउटा विद्युतीय अटो रिक्सा उत्पादन भइरहेको भारतीय कारखानाको तथ्यले यस क्षेत्रमा भारत विश्वकै ठूलो बजार बनेको देखाउँछ।

महिन्द्रा लास्ट माइल मोबिलिटीको एक व्यस्त कारखानामा कामदार र रोबोटले ब्याट्री जडान गर्ने, सवारी साधनका धातुका संरचनामा बाहिरी प्यानल जोड्ने र पाङ्ग्रा जडान गर्ने काम गरिरहेका छन्। भारतका व्यस्त सडकमा चल्ने अटो रिक्साको बढ्दो माग पूरा गर्न कम्पनीले उत्पादन विस्तार गरिरहेको छ।

गत सेप्टेम्बरमा भारतमा बिक्री भएका नयाँ तीनपाङ्ग्रे सवारी साधनमध्ये आधाभन्दा बढी विद्युतीय थिए। सोही अवधिमा बिक्री भएका कारमध्ये करिब आठ दशमलव पाँच प्रतिशत र दुईपाङ्ग्रे सवारी साधनमध्ये ११ दशमलव छ प्रतिशत मात्र विद्युतीय थिए। यसले विद्युतीय तीनपाङ्ग्रे सवारी साधनको सबैभन्दा ठूलो बजारका रूपमा भारतको स्थान पुष्टि गरेको छ।

महिन्द्रा लास्ट माइल मोबिलिटीका प्रमुख कार्यकारी सुमन मिश्राका अनुसार पछिल्लो पाँच वर्षमा कम्पनीको विद्युतीय सवारी साधनको बजार विस्तार छ गुणाले बढेको छ। सरकारी अनुदान, सवारी साधनको गुणस्तरमा सुधार र सञ्चालन खर्चमा कमीले पछिल्ला दुई वर्षमा यसको प्रयोग थप तीव्र भएको उहाँले बताउनुभयो।

एक दशकअघि नयाँ दिल्लीका सडकमा ई-रिक्सा देखिन थालेका थिए। त्यतिबेला प्रायः पुराना साइकल रिक्सामा चिनियाँ ब्याट्री जडान गरी स्थानीय कार्यशालामा तयार पारिन्थ्यो। अहिले भने महिन्द्रालगायत ठूला कम्पनीको प्रवेशसँगै यो क्षेत्र व्यवस्थित उद्योगका रूपमा विस्तार भएको छ।

भारतका उत्तरी सहरहरूमा रेलवे स्टेसन र व्यस्त बजारबाहिर विद्युतीय अटो रिक्सा सामान्य दृश्य बन्न थालेका छन्। यसले परम्परागत इन्धनबाट चल्ने अटो रिक्साको प्रयोग र आवाजलाई क्रमशः विस्थापित गर्दै लगेको छ।

महिन्द्रा आगामी नोभेम्बर १७ मा मुम्बईमा बेलायतका राजकुमार विलियमबाट प्रदान गरिने अर्थसट पुरस्कारका लागि छनोट भएका १५ अन्तिम प्रतिस्पर्धीमध्ये एक हो। तर धेरै चालकका लागि विद्युतीय सवारीप्रतिको आकर्षण वातावरणीय लाभभन्दा सञ्चालन खर्चमा हुने बचत हो।

हैदराबादका ३१ वर्षीय चालक अफरोज आलमले यसै वर्ष पेट्रोलबाट चल्ने अटो छाडेर विद्युतीय सवारी अपनाउनुभएको छ। उहाँका अनुसार ब्याट्री चार्ज गर्न लाग्ने खर्च कम भएकाले दैनिक सयौँ रुपैयाँ बचत भइरहेको छ। यसबाट विद्युतीय सवारी किन्न लिएको ऋण तिर्न पनि सहज भएको छ।

भारतीय थिङ्क ट्याङ्क सीईईडब्ल्यूको सन् २०२५ को अनुमानअनुसार पेट्रोलबाट चल्ने तीनपाङ्ग्रे सवारी साधनको प्रतिकिलोमिटर सञ्चालन खर्च विद्युतीय सवारीको तुलनामा दोब्बरभन्दा बढी छ।

विश्लेषकहरूका अनुसार ब्याट्रीको मूल्य घट्नु र इन्धनको मूल्य बढ्नु विद्युतीय सवारीको प्रयोग विस्तार हुनुका प्रमुख कारण हुन्। भारतले अधिकांश तेल र प्राकृतिक ग्यास आयात गर्ने भएकाले विद्युतीय सवारीको विस्तारले आयातित इन्धनमाथिको निर्भरता घटाउनसमेत सहयोग पुऱ्याउन सक्छ।

यद्यपि, चार्जिङ पूर्वाधार र पार्किङको अभावले यसको विस्तारमा चुनौती थपेको छ। मुम्बईमा पार्किङको सीमितताका कारण विद्युतीय सवारी चार्ज गर्न कठिनाइ हुने मिश्रले बताउनुभयो।

त्यस्तै, विद्युतीय मोटर निर्माणमा प्रयोग हुने दुर्लभ खनिजका चुम्बकको आपूर्तिमा चीनले लगाएको प्रतिबन्धले भारतीय उत्पादकलाई असर पारेको थियो। भारतले ब्याट्री सेललगायतका सामग्रीको स्वदेशी उत्पादन बढाउने प्रयास गरिरहेको छ। तर यी सामग्रीको ठूलो हिस्सा अझै चीन र दक्षिण कोरियाबाट आयात हुँदै आएको छ।

विश्लेषकहरूका अनुसार अब विद्युतीय ट्याक्सी र व्यावसायिक सवारी साधनको विस्तारले पनि यस क्षेत्रमा नयाँ सम्भावना खोल्न सक्छ।

श्रमिकको पारिश्रमिक ...

२० प्रतिशत सामाजिक सुरक्षा योगदानमध्ये १० प्रतिशत सरकारले व्यहोर्नेछ। यसबाट व्यवसायीको लागतको भार कम हुनेछ। नयाँ निर्माण तथा परामर्श सेवाको लागत अनुमान तयार गर्दा सामाजिक सुरक्षाका लागि थप १० प्रतिशत रकम समावेश गरिनेछ। यसले व्यवसायीलाई वास्तविक श्रमिक लागतअनुसार प्रतिस्पर्धा गर्न सहयोग गर्नेछ।

परामर्श सेवा खरिदको लागत अनुमानमा प्रचलित लागतका अतिरिक्त १५ प्रतिशतसम्म ओभरहेड रकम समावेश गर्न सकिने व्यवस्था गरिएको छ। साथै व्यवसायीले पेस गरेको प्रमाणित मासिक श्रमिक विवरणलाई नै आधिकारिक मानिनेछ। एउटै विषयमा विभिन्न निकायलाई पटकपटक छुट्टै विवरण बुझाउनुपर्ने छैन।

त्यसैगरी श्रमिकको पारिश्रमिक, सामाजिक सुरक्षा तथा अन्य अधिकारसम्बन्धी व्यवस्था उल्लङ्घन गर्ने व्यवसायीलाई पहिलोपटक रातो कार्ड जारी गरी बढीमा ३० दिनभित्र सुधार गर्न निर्देशन दिइने व्यवस्था गरिएको छ। रातो कार्ड कायम रहेकै अवस्थामा पुनः उल्लङ्घन गरेमा कम्तीमा एक वर्ष कालोसूचीमा राख्न सिफारिस गरिनेछ।

श्रमिकको खातामा ज्याला जम्मा गरेर दबाब दिइ फिर्ता असुल्ने व्यवसायीलाई भने पहिलोपटकमै अधिकतम अवधिसम्म कालोसूचीमा राख्ने र असुलिएको रकम फिर्ता गराउने व्यवस्था छ। तीन महिनाभन्दा बढी ज्याला नदिने, श्रम इजाजतबिना विदेशी श्रमिक लगाउने वा कार्यस्थल सुरक्षामा गम्भीर लापरबाही गर्ने व्यवसायीको कमजोरी नसच्चिएसम्म बिल भुक्तानी रोक्का गरिने जनाइएको छ।

सामाजिक सुरक्षा कोषमा श्रमिक आबद्ध नगराउने फर्म वा कम्पनीलाई सार्वजनिक खरिदमा सहभागी हुन रोक लगाइनेछ। कारबाहीअघि सम्बन्धित पक्षलाई कानुनबमोजिम सफाइ पेस गर्ने अवसर दिइनेछ। श्रमिकको श्रमको सम्मान होस्, व्यवसायीको लगानी र श्रम लागतको उचित संरक्षण होस् तथा सरकारी आयोजना समयमै गुणस्तरीय रूपमा सम्पन्न होऊन् भन्ने अपेक्षासहित यो कार्यविधि जारी गरिएको हो।

"श्रमिक र व्यवसायी एकअर्काका प्रतिस्पर्धी होइनन्, विकासका साझेदार हुन्। श्रमिकको अधिकार खोसेर व्यवसाय सफल हुँदैन, व्यवसायलाई असुरक्षित बनाएर रोजगारी सिर्जना हुँदैन भन्ने हामीले बुझेका छौँ", मन्त्री गौतमले भन्नुभयो, "हामीले श्रमिकको हक सुनिश्चित गर्ने, जिम्मेवार व्यवसायीलाई प्रोत्साहन गर्ने र सार्वजनिक खरिद प्रणालीलाई थप न्यायपूर्ण, पारदर्शी र जवाफदेही बनाउने कानुनी आधार तयार गरेका हौँ।"

मंगलमय शुभकामना

लोक आस्थाको महान छठ
पर्वको पुनित अवसरमा
सुस्वास्थ्य, दिर्घायु,
शान्ति र अमनचयनको
कामना गर्दै सम्पूर्ण
शेयर सदस्य, कर्मचारी,
नगरवासी, जिल्लावासी
एवं देशवासीमा हार्दिक
मंगलमय शुभकामना
व्यक्त गर्दछौं ।



सचिन्द्र दास
अध्यक्ष, तथा
जनमूखी बहुउद्देश्यीय सहकारी संस्था लि.
राजविराज ४, सप्तरी, परिवार

मंगलमय शुभकामना

लोक आस्थाको महान छठ
पर्वको पुनित अवसरमा
सुस्वास्थ्य, दिर्घायु,
शान्ति र अमनचयनको
कामना गर्दै सम्पूर्ण
शेयर सदस्य, कर्मचारी,
नगरवासी, जिल्लावासी
एवं देशवासीमा हार्दिक
मंगलमय शुभकामना
व्यक्त गर्दछौं ।



विश्वनाथ मण्डल
अध्यक्ष
तथा
जन ज्योति कृषि सहकारी संस्था लिमिटेड
संचालक समिति परिवार
राजविराज ९, मलेठ, सप्तरी

मंगलमय शुभकामना

लोक आस्थाको महान छठ
पर्वको पुनित अवसरमा
सुस्वास्थ्य, दिर्घायु,
शान्ति र अमनचयनको
कामना गर्दै सम्पूर्ण
शेयर सदस्य, कर्मचारी,
नगरवासी, जिल्लावासी
एवं देशवासीमा हार्दिक
मंगलमय शुभकामना
व्यक्त गर्दछौं ।



शत्रुघन प्रसाद गुप्ता
अध्यक्ष, तथा
नेपाल सहकारी संस्था लि.
राजविराज ३, सप्तरी, परिवार

प्रकाशक/सहसम्पादक : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), सम्पादक : अनिलकुमार अनल (९८४२८३४९१७), लेआउट : संजय शंखर
मुद्रण : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), इमेल : rajbirajdainik@gmail.com, वेवसाइट : rajbirajdainik.com.np